**नीति जेएलसिबि - विद्यार्थीहरूको खोप**

कुनै पनि विद्यार्थीहरूलाई रोगहरू बिरूद्धका खोपहरूको कानुनी आवश्यकता पूरा नगरेसम्म डिस्ट्रिक्टका विद्यालय भर्ना हुन वा विद्यालयमा उपस्थित भइरहन दिइनेछैन जबसम्म उनीहरूले स्वास्थ्य, धर्म, व्यक्तिगत वा अन्य कारणले कानुन प्रदत्त वैध छुट पाउँदैनन् ।

खोपको प्रमाणपत्र नबुझाउने वा वैध छूटको प्रमाणपत्र प्रस्तुत नगर्ने विद्यार्थीहरूलाई निलम्बन र/वा निष्कासन गरिनेछ जबसम्म उनीहरूले सो प्रमाणपत्रहरू बुझाउँदैनन् ।

प्रशासनले कानुनसम्मत हुने गरि उपयुक्त नियमनहरू जारी गर्नेछ ।

तात्कालिक अभ्यास कोडगरिएको १९९३
स्वीकृतः निर्देशिका स्वीकृति गरिएको मिति

कानुनी सन्दर्भ सि.आर.एस. २२–३३–१०६
सि.आर.एस. २५–४–९१ *र तपसिल*
६ सिसिआर १००९–२

क्रस सन्दर्भ : जेएफसि, विद्यार्थी भर्नारविद्यालयबाट वापसी

जेएचडि, विद्यालय उपस्थितिबाट बहिस्कार र छूट

जेकेडि/जेकेइ, विद्यार्थी निलम्बन/निष्कासन

जेआरए, विद्यार्थी अभिलेख

# कोलोराडो राज्य


जोन डब्लु. हिकेनलुपर, गर्भनर
किस्टोफर ई. उरबिना, एमडि, एमपिएच
कार्यकारी अधिकृत तथा मुख्य चिकित्सा अधिकृत

कोलोराडोका बासिन्दाहरुको स्वास्थ्य तथा बातावरणको रक्षा तथा सुधारको लागि समर्पित

४३०० चेरी किक ड्राइभ एस.
डेन्भर, कोलोराडो ८०२४६–१५३०
फोन (३०३) ६९२–२०००
ग्लेनडेल, कोलोराडोमा अबस्थित

प्रयोगशाला सेवाहरुको बिभाग
८१०० लौरी बुलेभार्ड
डेन्भर, कोलोराडो ८०२३०–६९२८
(३०३) ६९२–३०९०

Colorado Department
of Public Health
and Environment

http://www.cdphe.state.co.us


जनवरी १०, २०१३

प्रिय कोलोराडो स्कूल्समा किन्डरगार्डेन देखि कक्षा १२ सम्म पढने विद्यार्थीहरु (शैक्षिक वर्ष २०१३-१४मा) विद्यार्थीहरुका आमावावुहरु,

वालवालिकाहरुको स्वास्थ्य उपचारमा खोप लगाउने काम एउटा महत्वपूर्ण अंग हो र कोलोराडोको कानुन अनुसार खोप लगाएर रोकथाम गर्ने सकिने रोगका विरुद्ध विद्यालय जाने वालवालिकाहरुलाई खोप लगाइदिनुपर्दछ। यस पत्रको प्रायोजन विद्यालयमा पढन जाने वालवालिकाहरुलाई कुन किसिमका खोपहरुको ***आवश्यकता*** पर्दछ र खोप लगाएर रोकथाम गर्न सकिने रोगहरुलाई (दोस्रो पानामा दिइएको चार्ट हेर्नुहोस) रोकथाम गर्नका लागि त्यस्का कुन कुन खोपहरु लगाउनु पर्दछ भनि ***शिफारिस*** गर्नु हो ।

कोलोराडो राज्यको वोर्ड अफ हेल्थ (स्वास्थ्य समिति) द्धारा विद्यालयमा पढ्ने वालवालिकाका निम्ति सिफारिश गरिएको खोपहरुको अतिरित्त एडभाइजरी कमिटी अन इम्युनाइजेशन प्राक्टिसेज (एसीआइपी) अर्थात खोप लगाउने कुरा संग सम्वन्धित सल्लाहकार समितिले ***सिफरिश*** गरेका अन्य खोपहरु पनि छन– भन्ने कुरा आमावावुको हैसियतले तपाईले जानी राख्नु ***आवश्यक*** छ। यो खोपको कार्यतालिका हो जस्ले तपाईको बच्चा खोपले जोगाउने भन्दा पनि वढी जोगाउने काम गर्दछ ।

आमावावुहरुमा अक्सर गरेर वच्चावच्चीहरुको खोपहरु र खोप दिदा हुने सुरक्षाका वारेमा चिन्ता हुने गर्दछ वा यस वारेमा उनीहरु वढी जानकारी लिन चाहन्छन । खोपको सुरक्षा र महत्वका वारेमा आमावावुहरुवाट वेलावेलामा सोधिने प्रश्नहरुका लागि वनाइएको स्रोत सामाग्री www.ImmunizeForGood.com मा फेला पार्न सकिन्छ । कोलोराडोको खोप कार्यक्रमको वेवसाईट www.ColoradoImmunizations.com मा रहेको छ ।

खोप सम्वन्धी कानुनहरुको परिपालन गर्ने काममा विद्यालयहरुले कडा मेहनत गर्ने गर्दछन । विद्यालयमा भर्ना हुँदाका वखत नै आफ्नो वच्चाको खोप सम्वन्धी रेकर्डहरु उपलव्ध गराएर र त्यसपछि जवजव तपाईको वच्चाले थप खोप(हरु) लगाउने गर्दछ त्यस्को समेत रेकर्ड उपलव्ध गराएर गर्नुहुने सहयोग सराहनीय हुनेछ । *आफ्नो वच्चाको चिकित्सकसंग वा स्थानीय जनस्वास्थ्य निकायसंग आफ्नो वच्चालाई चाहिने खोपका वारेमा कृपया छलफल गर्नुहोस । (स्थानीय स्वास्थ्य विभाग कहाँ छ भनी पत्ता लगाउनका लागि फेमिली हेल्प लाइन १-३०३-६९२-२२२९ वा १-८००-६८८-७७७७ मा फोन गर्नुहोस) । आफ्नो वच्चालाई प्रत्येक पटक खोप लगाएपछि त्यसको अध्यावधिक रेकर्डहरु कृपया स्कूलमा लिएर आउनुहोस ।*

भवदिय,

कोलोराडोको खोप कार्यक्रम
कोलोराडोको जनस्वास्थ्य तथा बातावरण बिभाग
३०३–६९२–२६५०

खोप लगाएर प्रमाण पत्र लिनका लागि **आबश्यक गराईएको** खोपको न्यूनतम मात्राको संख्या

किन्डरगार्डेन देखि कक्षा १२ सम्मका विद्यालयमा पढने विद्यार्थीलाई २०१३-१४ का निम्ति आवश्यक खोपहरु ।

| खोप | मात्राको संख्या | किन्डरगार्डेन देखि कक्षा १२ सम्म (५ देखि १८ वर्ष उमेरको) |
|---|---|---|
| | | *न्यूनतम उमेरको हद सकिनु भन्दा ४ दिन अगाडि लगाएको खोप मान्य हुन्छ ।* |
| **लहरेखोकी**<br>*६ वर्ष सम्मकालागि मात्र टिडिएपीको लाइसेन्स ।* | ५ देखि ६ | **डिएटिपी ५ मात्रा** (चौथौ चाही मात्रा चौथो जन्मदिनमा वा त्यसपछि लगाइएको छ भने आवश्यकता पुरा हुन्छन ।) डिटिएपीको अन्तिम मात्रा ४ वर्षको भन्दा आगाडि लगाउनु हुदैन । **टिडिएपी** ६ देखि १२ कक्षा सम्मकालाई आवश्यक छ । |
| **धनुषटंकार /भ्यागुतेरोग**<br>*६ वर्ष सम्मकालागि मात्र टिडिएपीको लाइसेन्स ।* | ३ देखि ५ वर्ष | **डिटी ५ मात्रा** (यदि चौथो चाही मात्रा चौथो जन्मदिनमा वा त्यसपछि लगाइएको छ भने आवश्यकता पुरा हुन्छन ।) यदि वच्चा ७ वर्ष वा सो भन्दा वढी उमेरको छ भने उसलाई ठीकसंग मिलाइएको वनाइएको धनुषटंकार/भ्यागुते रोगका लागि भएको खोपहरु (डिटिएपी, डिटी, टिडी, टिडएपि) लगाउनु पर्दछ – मात्रा १ र मात्रा २ लाई ४ हप्ता वीचको फरकमा लगाउनु पर्दछ र मात्रा ३ र ४ लाई ६ महिनाको वीचको फरकमा लगाउनु पर्दछ । |
| **पोलियो (आइपीभी)** | ३ देखि ४ वर्ष | **आइपीभी ४ मात्रा** (यदि तेस्रो चाही मात्रा चौथो जन्मदिनमा वा त्यस पछि लगाइएको भए आवश्यकता पुरा हुन्छन ।) अन्तिम चौथो मात्रा चौथो जन्मदिन भन्दा पहिला दिनु हुदैन । |
| **दादुरा/हाँडे/रुवेला (एमएमआर)**<br>यस शैक्षिक वर्षका लागि प्रस्तावित गरिएको<br>*–रुवेलाको १ मात्राले आवश्यकता पुरा गर्दछ ।* | २ | पहिलो चाही मात्रा पहिलो जन्मदिनको ४ दिन भन्दा धेरै अघि लगाउन सकिदैन । किन्डरगार्डेन देखि कक्षा १२ सम्मका लागि २ मात्राको आवश्यक पर्दछ । |
| **भारिसेला (ठेउला)**<br>*स्वास्थ्य सेवा प्रदायक (चिकित्सक, आरएन वा पीए) वाट रोग सम्वन्धी कागजात आवश्यक पर्ने ।* | १ वा २ | पहिलो चाही मात्रा पहिलो जन्मदिनको ४ दिन अगाडि भन्दा वढी नहुने गरी लगाउनु पर्दछ । किन्डरगार्टेन देखि ६ कक्षा सम्मका वालवालिकाहरुलाई २ मात्राको आवश्यकता पर्दछ । ७ देखि १२ कक्षा सम्ममा १ मात्राको आवश्यकता पर्दछ । |
| **हेपाटाइसिस वी**<br>*७/१/२००९ देखि अघि सम्म हेपाटाइटिस वीको ३ मात्रा लगाइ नसकेका विद्यार्थीहरुले एडभाइजरी कमिटी अन इम्युनाइजेशन प्राक्टिसेज (एसीआइपी) ले सिफारिश गरे अनुसारको न्यूनतम अन्तराललाई अनुशरण गर्नुपर्दछ* | ३ | पहिलो मात्रा लिएको कम्तीमा ४ हप्ता पछि दोस्रो मात्रा लगाउनु पर्दछ । पहिलो मात्रा लगाएको कम्तीमा १६ हप्ता पछि र दोश्रो मात्रा लगाएको कम्तीमा ८ हप्ता पछि तेस्रो मात्रा लगाउनु पर्दछ । अन्तिम मात्रा २४ हप्ता (६ महिना) को उमेर भन्दा अगाडि लगाइनु हुदैन । २ मात्रा भएको सिरिज (श्रृखला) ११ देखि १५ वर्षको लागि स्वीकार्य हुन्छ । स्वीकृत गरिएको २ मात्र सिरिज (श्रृखला) लाई उचित अभिलेखिकरण (खोपको नाम, मात्रा मितिहरु र अन्तराल) गरी प्रयोग गरेर मात्र २ मात्रालाई स्वीकार गर्न सकिन्छ । |

खोप लगाएर रोकथाम गर्न सकिने रोगवाट वच्नका लागि लगाउन **सिफारिश** गरिएका खोपहरु

| खोप | मात्राको संख्या | किन्डरगार्डेन देखि कक्षा १२ सम्म (५ देखि १८ वर्ष उमेरको) *न्यूनतम उमेरको हद सकिनु भन्दा ४ दिन अगाडि लगाएको खोप मान्य हुन्छ ।* |
|---|---|---|
| **रुघाखोकी**<br>**(फ्लु)** | १ देखि २ | यदि ९ वर्ष भन्दा कम उमेरको भएमा एउटा मात्रा लगाए पछिको न्यूनतम अन्तराल २८ दिनको हुने गरी शुरुमा २ मात्रा लगाउने अनि त्यसपछि वर्षैपिच्छे १ मात्रा लगाउने, ६ महिना र सो भन्दा माथिको उमेरका वाववालिकाहरुका निम्ति सिपारिश गरिएको । |
| **मेनिङकोक्कल मेनिनजाइटिस**<br>**(एमसीभी)** | १ देखि २ | ११ देखि १८ वर्ष उमेरका किशोरकिशोरीहरु |
| **ह्यमन पपिल्लोमाभाइरस**<br>**(एचपिभी)** | ३ | ११ देखि १८ वर्ष उमेरका किशोरकिशोरीहरु |
| **हेपाटाईटिस ए**<br>**(हेप ए)** | २ | ३ वर्ष र सो भन्दा माथिका सवै वालवालिकाहरु |

**आबश्यक** खोपहरुका लागि : प्रयोगशालाको परीक्षणवाट प्रतिरक्षा (इम्युनिटी) देखिएको चाही स्वीकार्य हुने ।

**कानुनको परिपालन गर्नका लागि तपाईले निम्न मध्ये एउटा कुरा आफ्नो वच्चाको विद्यालयलाई प्रदान गर्नु पर्दछ :**

1. विद्यार्थीले न्यूनतम रुपमा चाहिने खोप लगाइएको छ भनी प्रमाणित गरिएको खोप सम्वन्धि प्रमाणपत्र ।
2. यदि विद्यार्थीको खोप सम्वन्धी प्रमाणपत्र अध्यावधि नभएमा आमावावुले, अभिभावकले वा विभुक्त पारिएको विद्यार्थीले प्रत्यक्ष सूचना पाएपछि त्यस्मा अपुग भएका अरु खोपहरु लगाइएको थियो भन्ने कुराको कागजात पेश गर्न र थप चाहिने खोपहरु लगाउने काम पुरा गर्ने योजना पेश गर्न १४ दिनको समय पाउँदछन । यदि योजना पुरा नगरिएमा पुरा नगरे वापत विद्यार्थीलाई विद्यालयवाट निष्काशन गरिने वा निलम्वन गरिने छ । यो नियमको अपवाद खोपको अभाव भएको अवस्थामा हुनेछ ।
3. खोप लगाउन छुट हुने कुराको विवरण – कोलोराडोको जनस्वास्थ्य र वातावरण विभागको खोप प्रमाणपत्र :

a) विद्यार्थीको शारीरिक अवस्था खोप लगाउदा ज्यान वा स्वास्थ्य नै खतरामा पर्ने खालको छ वा अन्यथा खोप लगाउनका लागि ***चिकित्सकीय रुपमा*** उसलाई पहरेज गरिएको छ भन्ने कुरा उल्लेख गरी लाइसेन्स प्राप्त चिकित्सकद्धारा सही गरिएको चिकित्सकीय छुटपत्र; वा

b) खोप लगाउने काम विद्यार्थीको ***धार्मीक आस्था*** विपरितको छ र यस कुरालाई विद्यार्थी परिपालन गर्दछ भनी आमावावु, अभिभावक वा विभुक्त विद्यार्थीद्धारा सही गरिएको धार्मिक छुटपत्र; वा

c) विद्यार्थीले खोप विरुद्धको आमावावु, अभिभावक वा विभुक्त विद्यार्थीद्धारा सही गरिएको ***व्यक्तिगत*** छुटपत्र ।

**खोप लगाउनुपर्ने नियम सवै विद्यार्थीहरुलाई कडाइका साथ लागू गरिने छ ।** आवश्यकता पुरा नगर्ने विद्यार्थीहरुलाई कोलोराडोको संशोधित कानुन २५-४-९०२ अनुसार हाजिर हुन दिइने छैन ।

***निशुल्क वा न्यून मूल्यको खोपका वारेमा फेमिली हेल्थ लाइन ३०३-६९२-२२२९ वा १-८००-६८८-७७७७ मा फोन गर्नुहोस ।***